**Accountability Watch Committee (AWC)**
**जवाफदेहिता निगरानी समिति**

# प्रेस विज्ञप्ति

## विरोध प्रदर्शनलाई हिंसात्मक बनाई जनधनको क्षति निम्त्याउने कार्य निन्दनीय

**२०८१ चैत्र १६**

राजसंस्था पुन:स्थापनाको माग राखेर आन्दोलनरत राजावादी समूहहरूले विरोध प्रदर्शनलाई हिंसात्मक, अराजक र अनियन्त्रित बनाई जनधनको क्षति निम्त्याएकोप्रति जवाफदेहिता निगरानी समितिको गम्भीर ध्यानाकर्षण भएको छ । नागरिकको निजी घर तथा पसलमा आगो लगाउने, समाचार संप्रेषण गर्न गएका पत्रकार सुरेश रजक तथा सर्वसाधारण सविन महर्जनको ज्यान जाने स्थिति सिर्जना गर्ने तथा अन्य कैयौंको जीवन जोखिममा पार्ने कार्यको घोर निन्दा र भर्त्सना गर्दछ ।

निजी आवास, सञ्चार गृह, दलको कार्यालय, औषधि कम्पनी, सवारीसाधन, विमानस्थल वरपरका संवेदनशील क्षेत्रमा समेत आगजनी तथा तोडफोड गर्ने कार्यहरू विरोध गर्ने स्वतन्त्रताभित्र पर्दैनन् । यस्ता अपराधिक कार्य गर्ने छुट कसैलाई पनि छैन । सर्वसाधारण नागरिकको ज्यान तथा सम्पत्तिमा क्षति पुऱ्याउने कार्य सशस्त्र संघर्ष तथा युद्धमा समेत मानवीय तथा मानवअधिकार कानूनद्वारा निषेधित छ ।

यस प्रकारका निन्दनीय हिंसात्मक कार्यको तत्काल अनुसन्धान गरी संलग्न तथा जिम्मेवार व्यक्तिहरूलाई कानूनी कारबाहीको दायरामा ल्याउन हामी जोडदार माग गर्दछौं ।

विरोध गर्ने स्वतन्त्रता सबैलाई छ, तर यो शान्तिपूर्ण हुनैपर्छ। उच्चस्तरको संयमता अपनाउन तथा विरोधलाई शान्तिपूर्ण र रचनात्मक बनाउन आन्दोलनरत दल तथा समूहहरूलाई निगरानी समिति आह्वान गर्दछ। साथै, बल प्रयोग आवश्यक र समानुपातिक हुनुपर्ने कानूनी मान्यतालाई पूर्णतः पालना गर्न स्थानीय प्रशासन तथा नेपाल प्रहरीलाई निगरानी समिति आग्रह गर्दछ।

आवश्यक पूर्वतयारी तथा सतर्कता अपनाई जनधनको क्षति हुन नदिन र हिंसात्मक झडपमा घाइते भएकाहरूको यथोचित स्वास्थ्योपचारको प्रबन्ध गर्न नेपाल सरकारका सम्बन्धित निकायसमक्ष निगरानी समिति आग्रह गर्दछ।

**जवाफदेहिता निगरानी समितिका तर्फबाट**,

जवाफदेहिता निगरानी समितिमा आबद्ध मानवअधिकारकर्मीहरू: राजुप्रसाद चापागाई (संयोजक), राजन कुईंकेल (सहसंयोजक), रुकमनी महर्जन (सहसंयोजक), सदस्यहरू: चरण प्रसाई, डा. गौरीशंकरलाल दास, डा. मन्दिरा शर्मा, डा. गोपालकृष्ण सिवाकोटी, दिनेश त्रिपाठी, सुमन अधिकारी, देवी सुनुवार, बाबुराम गिरी, डा. विरेन्द्र थपलिया, ओमप्रकाश अर्याल, जनकबहादुर राउत, इन्द्रप्रसाद अर्याल, महामुनिश्वर आचार्य, विकास बस्नेत, अनिता थपलिया, भक्त विश्वकर्मा, बद्रीप्रसाद भुसाल, निराजन थपलिया, काशीराम ढुंगाना, लक्ष्मी पोखरेल, पुष्पराज पौडेल, सन्तोषबाबु सिग्देल, मोहना अन्सारी, कमला पन्थी।